*जिल्ला विकास समिति ,गोरखा र स्थानीय सेवा प्रदायक संस्था हिमाली क्षेत्र विकास केन्द्र, गोरखा*

*वीच*

*ल्कष्टरं नं.४ अन्तर्गतका सिर्दीवास, प्रोक, उहिया, सौरपानी, स्वाँरा, तामालावोट, ताकुकोट, पाँचखुवादेउराली, पन्द्रुङ र मसेल गाउँ विकास समितिहरुमा सामाजिक परिचालन कार्यक्रम सञ्चालन गर्न भएको*

## *द्विपक्षीय सम्झौता*

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको आर्थिक तथा प्राविधिक सहयोगमा गोरखा जिल्लाका ल्कष्टर नं. ४ का उल्लेखित १० गाउँ विकास समितिहरुमा सामाजिक परिचालन कार्यक्रम सञ्चालन गर्न सामाजिक परिचालन कार्यविधि, २०७१ को बुदा नं ३, ६ र अनुसुची २ मा व्यवस्था भए वमोजिमका प्रकृयाहरु सहित देहायमा उल्लेखित शर्तहरुको पालना गरी सामाजिक परिचालन कार्यक्रम सञ्चालन गर्न (यसपछि प्रथम पक्ष भनिने जिल्ला विकास समितिको कार्यालय, गोरखा) र (यसपछि दोश्रो पक्ष भनिने हिमाली क्षेत्र विकास केन्द्र, गोरखा) बीच मिति ०७३ साल कार्तिक महिना ०८ गते यो द्विपक्षीय सम्झौता गरियो ।

### प्रथम पक्षःजिल्ला विकास समितिको कार्यालय गोरखाको जिम्मेवारी

१. दोश्रो पक्षलाई सामाजिक परिचालन कार्यविधि २०७१मा तय गरिए वमोजिमका सचालन गरे वापत चालु आ.व. २०७३/०७४मा सामाजिक परिचालन कार्यविधि २०७१ र सो कार्यक्रमका प्रयोजनकलागि प्राप्त हुने अख्तियारी वमोजिम यस आ.व.को सम्झौता अवधि ६ महिनाकोलागि आवश्यक रकम उपलब्ध गराउने र चालु आ.व.को बाँकी अवधिको लागि म्याद थप गर्दै लैजाने तथा प्रति चौमासिक रुपमारकम उपलब्ध गराउने ।

२.दोश्रो पक्षले प्रथम चौमासिक रुपमा रकम माग गर्न, प्रगति प्रतिवेदनका साथै पहिलो, दोश्रो र अन्तिम किस्ताकोलागि पहिले निकासा लिएको रकमको तोकिएको ढाँचामा खर्च फाँटवारी समेत पेश गर्नुपर्नेछ ।

३.दोश्रो पक्षलाई सामाजिक परिचालन कार्यक्रम कार्यान्वयन गर्न आवश्यक सहयोग, सल्लाह, सुझाव र निर्देशन दिने ।

४ सामाजिक परिचालनसँग आवद्ध दोश्रो पक्षका कर्मचारीहरुलाई राष्ट्रिय सेवा प्रदायक संस्था तथा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम क्षेत्रीय समन्वय इकाई मार्फत सामाजिक परिचालन सम्वन्धी विभिन्न तालिम तथा अनुशिक्षण प्रदान गर्ने व्यवस्था गर्ने

५.समन्वयात्मक रुपमा सामाजिक परिचालन गर्न जिल्ला स्थित सामाजिक परिचालन निकायहरु वीच कार्यगत एकता तथा साझेदारिता वृद्धिका लागि सहजिकरण गर्ने ।

६.आवधिक रुपमा सामाजिक परिचालन कार्यक्रमको स्थलगत अनुगमन गरी सरोकारवालाहरुसँग अन्तरक्रिया, परामर्श गर्ने, सुझाव तथा पृष्ठपोषण दिने ।

७..नागरिक सचेतना केन्द्र तथा वडा नागरिक मञ्चवाट प्राथमिकीकरण भई आएका योजना तथा कार्यक्रमहरुलाई जिल्ला विकास कार्यक्रममा प्राथमिकताका साथ समावेश गर्ने ।

८..सामाजिक परिचालन कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न गराउन जिल्ला सामाजिक परिचालन समन्वय समितिलाई आवश्यक सहयोग गर्ने ।

९. सामाजिक परिचालन कार्यक्रम सञ्चालन गरेवापत प्रति गाउँ विकास समितिको निमित्त तोकिएको रकम चौमासिक रुपमा भुक्तानी दिने ।

१०. मन्त्रालयले तोके वमोजिम सामाजिक परिचालकहरुको तलव, भत्ता तथा अन्य सुविधा जिल्ला विकास समितिले सम्वन्धित सामाजिक परिचालकको बैंक खाता मार्फत भुक्तानी गर्ने ।

सतिस कुमार भट्टराई

गोरखा [illegible] प्रशासकीय अधिकृत

## दोश्रो पक्ष : हिमाली क्षेत्र विकास केन्द्र, गोरखाको जिम्मेवारी

१. सामाजिक परिचालन कार्यविधि, २०७१ मा उल्लेख भएका व्यवस्था र प्रकृयाका आधारमा **सिर्दीवास, प्रोक, उहिया, सौरपानी, स्वाँरा, तामालावोट, ताकुकोट, पाँचखुवादेउराली, पन्द्रुङ र मसेल** गाविसहरुमा सामाजिक परिचालन कार्यक्रम कार्यान्वयन गर्नेछ ।

२.माथि उल्लेखित गाविसहरुमा हाल कार्यरत सामाजिक परिचालकहरु मध्ये जिल्ला विकास समिति गोरखाले हस्तान्तरण गरेका गाविसका सामाजिक परिचालकहरुलाई सवन्धित गाविसमा काममा लगाउने र जि.वि.स.वाट हस्तान्तरण भै नआएका वा अन्य कुनै कारणले सामाजिक परिचालक पद रिक्त हुन आएका गाविसहरुमा  सामाजिक परिचालन कार्यविधि, २०७१ मा व्यवस्था गरिएका प्रकृयाहरुको पालना गरी जिल्ला सामाजिक परिचालन समिति तथा जि.वि.स.को परामर्शमा सामाजिक परिचालकहरुको पदपुर्ति गर्ने, सामाजिक परिचालन कार्यक्रम संयोजकलाई करारमा नियुक्त गर्ने र तालिम पश्चात सवन्धित गाविसमा खटाउने

३. जिल्ला विकास समिति, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम तथा राष्ट्रिय सेवा प्रदायकले आयोजना गर्ने तालीम तथा अनुशिक्षण कार्यक्रमहरुमा अनिवार्य रुपमा तोकिएको कर्मचारी वा संस्थाको पदाधिकारीलाई सक्रिय रुपमा सहभागी गराउने ।

४. सामाजिक परिचालकहरुलाई कार्यक्रम कार्यान्वयन गर्नका लागि नियमित रुपमा प्राविधिक सहयोग उपलब्ध गराउने ।

५. जिल्ला र गाउँ विकास समितिस्तरमा सामाजिक परिचालनको काम गर्ने निकाय, विषयगत कार्यालयहरु तथा अन्य सम्वन्धित सहकारी, वित्तीय तथा निजी संस्थाहरुसँग कार्यगत समन्वय र साझेदारिता विकास गर्ने ।

६. जिल्ला विकास समिति, गाउँ विकास समितिलाई वार्षिक तथा आवधिक विकास योजना तर्जुमा, कार्यान्वयन,अनुगमन तथा मूल्यांकन जस्ता कार्यहरुका अतिरिक्त सामाजिक परिचालनको सम्वन्धमा सहयोग सल्लाह र सुझाव, प्रदान गर्ने ।

७. नियमित रुपमा सामाजिक परिचालन संयोजक र सामाजिक परिचालकहरुको कार्यको अनुगमन गरी स्थलगत रुपमै सल्लाह, सुझाव र पृष्ठपोषण दिने ।

८. मासिक तथा चौमासिक रुपमा तोकिएको ढाँचामा जिल्ला विकास समिति सामाजिक विकास शाखामा प्रतिवेदन पेश गर्ने ।

९. तोकिएका प्रकृयाहरु पुरा गरी जिल्ला विकास समितिवाट चौमासिक रुपमा निकाशा लिने ।

१०.. सामाजिक परिचालन संयोजकलाई कार्यक्रमले निर्धारण गरेअनुसारको पारिश्रमिक सम्वन्धित व्यक्तिको वैकं खाता मार्फत भुक्तानी गर्ने व्यवस्था मिलाउने ।

११.. नागरिक सचेतना केन्द्र तथा वडा नागरिक मञ्चलाई कार्यक्रमले उपलब्ध गराउने सञ्चालन खर्च ***( Logistic)***समयमै निकाशा लिई नासकेको वैकं खातामा जम्मा गरिदिने र तोकिएको शीर्षकमा खर्च गर्ने र विल भर्पाई व्यवस्थित रुपमा राख्न सहयोग गर्ने ।

१२. संस्थाका जिम्मेवार कर्मचारीहरुवाट वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्रको अनुगमन गरी उनीहरुको कामको समीक्षा गर्ने, उनीहरुका आवाज र प्राथमिकताहरु सम्वन्धित निकायमा पुऱ्याउन सहयोग गर्ने ।

१३. सामाजिक परिचालन कार्यक्रमको प्रभाव स्वरुप समुदायस्तरमा देखिएका सकारात्मक नतिजाहरु, असल अभ्यासहरुको प्रचार प्रसार तथा अभिलेख राख्ने ।

१४. समन्वयात्मक रुपमा जीविकोपार्जन सुधार कार्यक्रम कार्यान्वयन गर्न नागरिक सचेतना केन्द्रलाई निरन्तर रुपमा सहयोग गर्ने तथा ससयमै जीविकोपार्जन सुधार कार्यक्रम अनुदान निकाशा गर्न जिल्ला विकास समिति र गाउँ विकास समितिलाई प्रकृयागत सहयोग पुऱ्याउने ।

सतिस कुमार भट्टराई
योजना अनुगमन तथा प्रशासकीय अधिकृत

१५. जिल्ला विकास समिति, जिल्ला सामाजिक परिचालन समन्वय समिति, गाउँ विकास समिति, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम, राष्ट्रिय सेवा प्रदायकवाट गरिने अनुगमन कार्यका लागि आवश्यक समन्वय र सहजीकरण गर्ने तथा माग गरिएका विवरण तथा तथ्यांकहरु उपलब्ध गराउने ।

१६. जिल्ला विकास समिति, जिल्ला सामाजिक परिचालन समन्वय समिति, तथा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमवाट दिइएका सुझाव तथा पृष्ठपोषणहरुको पालना गर्ने ।

१७. स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली, २०६४ मा व्यवस्था भए वमोजिम जिल्ला विकास समितिवाट निकासा लिएको रकम छुटै खाता खोली संचालन, लेखा अभिलेख राख्ने र आवधिक रुपमा वित्तीय प्रतिवेदन जिल्ला विकास समितिमा पेशगर्ने

१८. सामाजिक परिचालक, वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र लगायतका जि.वि.स. गोरखावाट पठाइने कुनैपनि रकम संस्थाको नाममा कुनैपनि तरिकाले कटौति गर्न पाईने छैन ।

## स्थानीय सेवा प्रदायकवाट अपेक्षा गरिएका परिणामहरु :

सामाजिक परिचालन कार्यक्रम प्रभावकरीरुपमा कार्यान्वन भई स्थानीयस्तरका विकास योजना व्यवस्थापनमा विशेष गरी सामाजिक तथा आर्थिक रुपमा पछिपरेका नागरिकहरुको सहभागिता वृद्धि भएको हुनेछ । सरकारी तथा गैरसरकारी सेवा प्रदायक निकायहरुका कार्यक्रमहरुमा गरीब, महिला, वालवालिका, सामाजिक रुपमा पछि परेका वर्गहरुका लागि उल्लेख्य रुपमा श्रोतको व्यवस्था भएको हुनेछ । जीविकोपार्जन सुधार कार्यक्रम समन्वयात्मक रुपमा कार्यान्वयन भई विपन्न परिवारहरुको आर्थिकस्तरमा अनुभूति योग्य परिवर्तन देखिन थाल्नेछन् । कार्यक्रमका हरेक चरणहरुमा सीमान्तकृत नागरिकहरुको सहभागिता मापन योग्य रुपमा वृद्धि भएको हुनेछ

## कार्य अवधि :

यो द्विपक्षीय सम्झौताको अवधि **२०७३ श्रावण १ गतेदेखि २०७३ पौष मसान्त** सम्म हुनेछ र वार्षिक रुपमा स्थानीय सेवा प्रदायकको कार्यसम्पादन समीक्षा गरी कार्यसम्पादन सन्तोषजनक देखिएमा सम्झौता अवधि तोकिएको अवधिका लागि म्याद थप गर्न सकिनेछ । कुनै कारण खुलाई वा नखुलाई स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमले जिल्ला विकास समिति मार्फत एक महिनाको पूर्व सूचना दिएर कुनै पनि समयमा कुनै पनि वा सबै स्थानीय सेवा प्रदायक संस्थासँगको यो करार सम्झौता अन्त्य गर्न सक्नेछ ।

माथि उल्लेखित सेवा र शर्तहरुको अधिनमा रही सामाजिक परिचालन कार्यक्रम सञ्चालन गर्न गराउन हाम्रो मञ्जुरी छ ।

| प्रथम पक्षका तर्फवाट | दोश्रो पक्षका तर्फवाट |
|---|---|
| दस्तखत: | दस्तखत: |
| नाम: सतिस कुमार भट्टराई | नाम: वीरबल घले |
| पद: यो.अ. तथा प्र.अ. | पद: सचिव |
| मिति: २०७३।०७ | मिति: २०७३ |
| साक्षी | साक्षी |
| नाम : श्याम प्रसाद गौतम | नाम : रामबाबु ढकाल |
| पद : लो.अ. | पद : कार्यक्रम संयोजक |
| मिति.: २०७३।०७।०८ | मिति.: २०७३।०७।०८ |

श्री मान स्था.वि.क.ज्यु,
निर्णयार्थ पेश गरेको छु।